# फेदीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फेदीखोला, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल


पत्र संख्या: २०८३/०८४
सूचना नं. ३२

## चार पाङ्ग्रे सवारी साधन भाडामा लिने सम्बन्धी सूचना
## (दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/१३)

फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको चालु आ.व. २०८३/०८४ मा कार्यालय प्रयोजनका लागि चार पाङ्ग्रे सवारी साधन भाडामा लिने सम्बन्धमा मिति **२०८३/०५/०४ गते** सूचना प्रकाशित गरिएकोमा तोकिएको समयावधिभित्र पेश भएका सिलबन्दी दरभाउपत्रहरूको पूर्णता परीक्षण गर्दा प्राप्त प्रस्तावहरू सारभूत रूपमा प्रभावग्राही नभएकोले, कार्यालयबाट तोकिएका शर्तहरूको अधिनमा रही इच्छुक तथा योग्य व्यक्ति, फर्म वा कम्पनीबाट प्रचलित कानूनबमोजिम रीतपूर्वक सिलबन्दी दरभाउपत्र **३ (तीन) दिन अर्थात् मिति २०८३/०६/१५ गते कार्यालय समयभित्र** पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना पुनः प्रकाशन गरिएको छ।

यस सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको वेबसाइट www.phedikholamun.gov.np मा उपलब्ध रहेको छ। साथै, सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धमा कुनै असहजता वा समस्या उत्पन्न भएमा कार्यालयको इमेल **phedikhola174@gmail.com** मा पत्राचार गर्न वा मोबाइल नं. ९८५६०६६६०३ मा सम्पर्क गरी आवश्यक जानकारी तथा सहजीकरण प्राप्त गर्न सकिनेछ।

**दरभाउपत्र साथ व्यक्ति तथा फर्मले पेश गर्नुपर्ने कागजातहरुः**

**१. व्यक्तिको हकमाः**

क) यस कार्यालयबाट जारी भएको दरभाउपत्र भरी सक्कल फाराम पेश गर्ने (सवारीधनी वा निजले तोकेको प्रतिनिधीले आवश्यक विवरण भरी सहिछाप गरी बुझाउनुपर्ने)

ख) सवारीधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी- थान १

ग) सवारी चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी- थान १

घ) सवारी चालकको सवारी चालक अनुमतिपत्रको प्रतिलिपी (नविकरण भएको)- थान १

ङ) सवारीसाधनको ब्लुबुकको प्रतिलिपी (सवारी साधनको नं., सवारीधनीको नाम, सवारीको किसिम, सवारीको विवरण र सवारीको नविकरण समेत)- थान १

च) सवारीसाधनको तेश्रो पक्ष बिमाको कागजातको प्रतिलिपी- थान १

छ) स्थायी लेखा नम्बर (PAN)

**२. कम्पनी वा फर्मको हकमा माथि उल्लिखित कागजात सहित देहायका थप कागजात पेश गर्नुपर्नेछः**

क) कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी

ख) आ.व. २०८१/८२ सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी

ग) मु.अ.क. वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या: २०८३/०८४

**सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्रदाताले पालना गर्नुपर्ने नियम, सर्त तथा प्रक्रियाहरू:**

यस कार्यालयबाट मिति २०८३/०६/१३ गते दोस्रो पटक प्रकाशित सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना बमोजिम दरभाउपत्र पेश गर्न इच्छुक तथा योग्य व्यक्ति, फर्म तथा कम्पनीले देहाय बमोजिमका नियम, सर्त तथा प्रक्रियाहरूको पूर्ण पालना गरी रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

देहायः

१) दरभाउपत्र खरिदको लागि यो सूचना प्रकाशन भएको मिति देखि मिति २०८३/०६/१५ गते कार्यालय समय भित्र तपसिलमा उल्लेखित राजश्व खातामा रु. १,०००।०० (एक हजार रुपैयाँ)- जम्मा गरेको सक्कल बैंक भौचर वा नगदी रसिदको आधारमा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

तपसिलः

- बैंकको नामः प्राइम कमर्शियल बैंक लिमिटेड
- खाताको नामः ग १.१ आन्तरिक राजश्व खाता फेदीखोला
- कार्यालय कोडः ११२५४४१
- राजश्व खाता नं.- ०६५०१००००००३०८००१८०
- राजश्व शिर्षक नं.:- १४२२९

२) दरभाउपत्र पेश गर्दा प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी यो सूचना प्रकाशन भएको चौथो दिन अर्थात मिति २०८३/०५/१६ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । रितपूर्वक दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) कुनै व्यक्ति, फर्म वा कम्पनीको नाममा खरिद भएको दरभाउपत्र अर्को व्यक्ति, फर्म वा कम्पनीको नाममा पेश गर्न पाइने छैन ।

४) दरभाउपत्र खरिद वा दाखिला गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा सम्बन्धित अन्तिम मिति कार्यालय खुलेको लगत्तैको मितिमा सर्नेछ। खरिद गर्ने अन्तिम मिति सरेको अवस्थामा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति पनि सोअनुसार स्वतः सर्नेछ । सो अवस्थामा दरभाउपत्र खरिद वा दाखिला गर्ने अन्तिम समय बुदाँ नं. १ र २ बमोजिम नै हुनेछ ।

५) दरभाउपत्र आंशिक वा पूर्ण रुपमा कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

६) रित नपुगेका वा म्याद नाघी आएका वा कुनै शर्त राखि पेश भएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

७) सवारी साधन २०१७ मोडल वा सो भन्दा पछिको र २१५० सी. सी. वा सो भन्दा माथि क्षमता भएको 4WD हुनुपर्नेछ ।

८) सवारी साधन कम्तिमा ५ सिट क्षमता भएको हुनुपर्नेछ ।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

९) सवारी चालकको तलब, भत्ता, इन्स्योरेन्स वा अन्य कुनै नियमानुसार उपलब्ध गराउनुपर्ने पारिश्रमिक वा सेवा सुविधाहरु सवारीधनी स्वयंले बेहोर्नुपर्नेछ।

१०) सवारी साधनमा इन्धन/विद्युत, मर्मत संभार तथा अन्य आवश्यक सम्पूर्ण खर्च सवारी धनी स्वयंको हुनेछ।

११) सवारी धनीले कार्यालयलाई आवश्यक परेको बखतमा जुनसुकै बखत (सातै दिन/चौवीसै घण्टा) सेवा उपलब्ध गराउनुपर्नेछ।

१२) कार्यालयलाई आवश्यकता परेको बखत कुनै कारण सवारी साधन उपलब्ध हुन नसक्ने अवस्थामा सवारी धनीले सो अवधीमा वैकल्पिक सवारी साधनको व्यवस्था गर्नुपर्नेछ।

१३) दरभाउपत्रदाताले दररेट पेश गर्दा फर्म/कम्पनीको हकमा मू.अ.क. बाहेकको दररेट तथा स्थायी लेखा नम्बरमा दर्ता भएको फर्म/कम्पनी वा व्यक्तिको हकमा वहाल कर (१०%) बाहेकको दररेट पेश गर्नुपर्नेछ।

१४) सवारी भाडामा लिने अवधि बढीमा २०८४ असार मसान्तसम्म हुनेछ। सेवा सन्तोषजनक नभएमा वा कार्यालयलाई आवश्यक नभएमा कार्यालयले जुनसुकै समयमा सम्झौता रद्ध गर्न सक्नेछ।

१५) पेश गरिएको दैनिक भाडादरलाई ८ **घण्टाको कार्यदिन** मानी प्रति घण्टा भाडादर गणना गरिनेछ।

१६) सम्झौता अवधि सम्मको लागि सवारी साधन पूर्ण रुपमा कार्यालयको नियन्त्रणमा रहनेछ।

१७) यस सूचनामा उल्लेख नभएका अन्य प्रावधानहरु प्रचलित कानुन बमोजिम हुनेछ।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत